नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

फोन नं: ०१-४१००२२३
टोल फ्रि: १६६००१११२२४
बबरमहल, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

पत्र संख्या: ०८२/८३
च.नं १६१८

मितिः २०८२/१२/२३

विषयः जो जससँग सम्बन्धित छ।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत सेवा प्रवाहका सम्बन्धमा केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले बीमितहरूसँग बीमा सेवाका विभिन्न प्याकेजभित्र समावेश हुने औषधि तथा औषधिजन्य सामग्रीहरू समेत सोही सेवा प्रदायक स्वास्थ्य संस्था वा बाह्य औषधि पसलबाट नगदमा खरिद गर्न लगाएको भन्ने व्यापक गुनासाहरू प्राप्त भएको हुँदा यस्ता कार्य नगर्न हुन तथा गरेको पाइएमा स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १९ को उपनियम (१) को खण्ड (क) बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराइन्छ।

त्यसैगरी, केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले बीमितलाई स्वास्थ्य बीमा मार्फत सेवा लिन अग्रिम समय लिनुपर्ने तथा बीमितहरूप्रति भेदभावपूर्ण व्यवहार गर्ने गरेको गुनासो प्राप्त भएको हुँदा बोर्डको गम्भीर ध्यानाकर्षण हुनका साथै यस्ता गतिविधि फेरी दोहोरिएमा स्वास्थ्य बीमा ऐन, २०७४ को दफा बमोजिम कारबाही गर्नुका साथै दफा १२ बमोजिम सम्झौता रद्द गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

साथै, औषधि, औषधिजन्य सामग्रीहरु तथा सम्पूर्ण सेवाहरुको दररेट बीमा सुविधा थैलीमा उल्लेखित दररेटभन्दा कम भएमा अस्पतालकै न्यूनतम दरमा दाबी गर्नुपर्ने व्यवस्था रहेको र सो दाबीहरू API मार्फत बीमा व्यवस्थापन सूचना प्रणालीमा क्लेम गर्न मिल्ने भएकाले सोही अनुसार अनिवार्य कार्य गर्न/गराउन हुन समेत अनुरोध छ।

- स्वास्थ्य बीमा बोर्ड